श्री नव विजयी महेन्द्र माध्यमिक विद्यालय

Shree Nava Vijayee Mahendra Secondary School

भलायडाँडा, उत्तरगया-४, रसुवा/ Bhalayadanda, Uttargaya-4, Rasuwa

स्थापित: २०१९/ Estd.: 2019

पत्र सं.: ०८३/०८४

चलानी नं.: ४३ विद्यालय कोड नं.: ५११३ मितिः २०८३–०८–०८

विषयः रिक्त पदमा शिक्षक सरुवाका लागि आवेदन दिनेसम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति : २०८३/०८/०८)

उपरोक्त विषयमा यस विद्यालयमा प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पद सङ्ख्या १ रिक्त भएकोले उक्त पदमा शिक्षक सरुवा मार्फत पदपूर्ति गर्न यस विद्यालयको मिति २०८३/०८/०२ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय तथा उत्तरगया गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको मिति २०८३/०८/०७ को च. नं. ०० – ५३१ पत्र अनुसार प्राप्त अनुमतिअनुसार शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) को सरुवा सम्बन्धी व्यवस्था बमोजिम यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशित मितिले १५ दिनभित्र तपसिलमा उल्लिखित कागजातसहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ।

पेश गर्नुपर्ने कागजातहरु:

- सरुवाका लागि निवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- आफ्नो सेवा अवधि खुल्ने कागजात
- शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- स्थायी नियुक्तीको प्रमाणित प्रतिलिपी
- हाल कार्यरत विद्यालय र स्थानिय तहमा हालको पदमा सुरु हाजिर भएको कागजातको प्रतिलिपी
- असाधारण तथा बेतलवी बिदा लिए नलिएको सम्बन्धित कागजातको प्रतिलिपी
- विद्यालयको र सम्बन्धित स्थानिय तहको सहमति पत्र
- शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) बमोजिमको प्राथमिकता दावी गर्ने प्रमाणित कागजात भए पेश गर्ने।
- शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) को अनुसूचि १७ बमोजिमको फारम

सम्पर्कका लागि: मो. नं ९८४९२५४९७६, ९८६००६३०९६, ९८६०८०६०९० Email: nvmss1962@gmail.com

बोधार्थ:

१. शिक्षा विकास तथा समन्वय एकाई, रसुवा-जानकारी तथा वेबसाइटमा प्रकाशन गरिदिनुहुन
२. शिक्षा युवा तथा खेलकुद शाखा, उत्तरगया गाउँपालिका, रसुवा-जानकारी तथा वेबसाइटमा प्रकाशन गरिदिनुहुन
३. ४ नं वडा कार्यालय, कर्मीडाँडा, उत्तरगया गाउँपालिका, रसुवा-जानकारी तथा वेबसाइटमा प्रकाशन गरिदिनुहुन

प्रधानाध्यापक

नारायण कुमार श्रेष्ठ

प्रधानाध्यापक
नारायण कुमार श्रेष्ठ